दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सल्यान कर्णाली प्रदेश

चौंथो गाउँ सभा

मिति : २०७६।०३।०७

उपस्थिति विवरण

| क.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री निम वहादुर के.सी. | अध्यक्ष | | |
| २ | टिका शर्मा वली | उपा ध्यक्ष | | |
| ३ | वसुन्धरा पून | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | अमृता वि.क . | सभा सदस्य | | |
| ५ | इन्द्र वहादुर थापा कामी | सभा सदस्य | | |
| ६ | कवि कुमार चन्द | सभा सदस्य | | |
| ७ | कमला कामी | सभा सदस्य | कमला | |
| ८ | चन्द्र वहादुर रावत | सभा सदस्य | | |
| ९ | जय कलि वि.क. | सभा सदस्य | | |
| १० | जुना मल्ल चन्द | सभा सदस्य | | |
| ११ | टिउकी कामी | सभा सदस्य | टिउकी | |
| १२ | डिल्ली वहादुर के.सी. | सभा सदस्य | | |
| १३ | दुर्गा वहादुर मल्ल | सभा सदस्य | | |
| १४ | देवि खत्री | सभा सदस्य | | |
| १५ | धन वहादुर वुढाथोकी | सभा सदस्य | | |
| १६ | धनि राम नेपाली | सभा सदस्य | | |
| १७ | धर्मे खत्री | सभा सदस्य | | |
| १८ | निम वहादुर खड्का | सभा सदस्य | | |
| १९ | पहल वहादुर खत्री | सभा सदस्य | | |
| २० | पूतला खड्का रोकाय | सभा सदस्य | | |
| २१ | पूष्पा सुनार | सभा सदस्य | | |
| २२ | विमला खत्री | सभा सदस्य | | |
| २३ | भूमा वि.क. | सभा सदस्य | | |
| २४ | मन्जु शाहि | सभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २५ | मोतिलाल वली | सभा सदस्य | | |
| २६ | रत्न वहादुर विष्ट | सभा सदस्य | | |
| २७ | राम वहादुर के.सी. | सभा सदस्य | | |
| २८ | लोक वहादुर कामी | सभा सदस्य | | |
| २९ | सन्ताराम कामी | सभा सदस्य | | |
| ३० | सार्की खत्री | सभा सदस्य | | |
| ३१ | सुदिप के.सी. | सभा सदस्य | | |
| ३२ | सेति राम रोकाय | सभा सदस्य | | |
| ३३ | हिरा खड्का | सभा सदस्य | हिरा | |
| | | आमन्त्रित | | |
| ३४ | माननीय मन्त्री प्रकाश ज्वाला | | | |
| ३५ | डा. योगेन्द्र राज रिजाल | | | |
| ३६ | पवन राज देवकोटा | | | |
| ३७ | शीला आधिकारि | | | |
| ३८ | [illegible] | | | |
| ३९ | श्री दिपक कुवर | सचिवालय सदस्य | | |
| ४० | श्री जित वहादुर वली | " | | |
| ४१ | श्री इन्द्र वहादुर भण्डारी | " | | |
| ४२ | श्री रुक्म वहादुर के.सी. | " | | |
| ४३ | श्री लोकेन्द्र विश्वकर्मा | का.स. | | |
| ४४ | श्री भय व. विश्वकर्मा | | | |
| ४५ | श्री लाल व. वली | खरिदार | | |
| ४६ | | | | |
| ४७ | | | | |
| ४८ | | | | |
| ४९ | | | | |
| ५० | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## प्रस्तावहरु

१) आ.व.२०७६/७७ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय

१) प्रस्ताव नम्बर १ उपर छलफल गर्दा आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम सर्बसहमत बाट पारित गर्ने निर्णय गरियो ।

दार्मागाउँपालिका

**गाउँ कार्यपालिकाकोकार्यालय**

**कर्णाली प्रदेश, सल्यान**

**पाचौं गाउँसभामा प्रस्तुतवार्षिक नीति तथा कार्यक्रम**

*गाउँसभामा प्रस्तुत मिति: २०७६।०३।०७*

नेपालको संविधानले दिएको संवैधानिकअधिकारको प्रयोग गर्दै,
नेपालको संविधानको प्रस्तावनाको मर्म र भावनालाई आत्मसातगर्दै,
स्थानीयसरकार सञ्चालन ऐन, २०७४ कोअधिकारलाई प्रयोग गर्दै
नेपालको पन्धौं योजनाका दीर्घकालीन लक्ष्यहरुलाई आदर्शको रुपमा आत्मसात गर्दै,
दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) लाई समेत मध्यनजर गर्दै,

१) सार्वभौमसत्ता सम्पन्नजनता र तीजनताद्वारानिर्वाचितजनप्रतिनिधिहरुको हैसियतले दार्मा गाउँपालिकाको यस गरिमामय पाचौं गाउँसभामा नीतितथाकार्यक्रम प्रस्तुतगर्न पाउँदा मलाई गर्व लागेको छ । यस अवसरमा अधिकार प्राप्तिका लागि भएका महान जनयुद्ध, जनआन्दोलनलगायतका जनमुक्ति आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात महान् शहीदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । यस क्रममा बेपत्ता योद्धा, घाइते अपाङ्ग भएका योद्धा र जनमुक्ति आन्दोलनमा सहभागी भई ऐतिहासिक योगदान पुऱ्याउने महान् जनसमुदायहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

**आर्थिक विकास**

२) **"समृद्ध नेपाल, सुखी नेपाली"**को राष्ट्रिय अभियानलाई सफलीभुत बनाउन नेपालको संविधानको प्रस्तावनामाउल्लेखितमर्म र भावनाबमोजिम नेपाललाई एक समुन्नत एवम समृद्ध राष्ट्रको रुपमाविकास गर्ने राष्ट्रिय लक्ष्य अनुसारउत्पादनमुलक क्षेत्रमा जोड दिईआत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै समाजवादउन्मुखमुलुकमा रुपान्तरणगर्ने उद्देश्यअनुरुप स्थानीय तहबाट समाजवादको जगखडा गर्नेगरी नीति, कार्यक्रम तथा वजेट तयगरिएको छ ।

३) कृषि र पशुपालनको क्षेत्रमा विगतमा जस्तो साना साना योजनामा श्रोत छिरल्ने भन्दा पनि गाउँपालिका क्षेत्र भित्रका कम्तीमा दुई स्थानमा नमुना योग्य कृषि र पशुपालन फर्महरु सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गरिनेछ । त्यस्तैगरी, व्यवसायउन्मुख अगुवा किसानहरुलाई मल, विउ, तथा कृषि औजारमा अनुदान उपलब्ध गराउनुका साथै बजार व्यवस्थापन तथा कृषि तथा पशु बिमाका लागि प्रोत्साहन गरिनेछ । यस प्रयोजनका लागि नेपाल राष्ट्रबैंक वाट जारी गरिएको सहुलियतपुर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धी एकिकृत कार्यविधी, २०७५ मा भएका प्राव्धानहरुका वारेमा हरेक वडामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै व्यवसाय सञ्चालन गर्न चाहने अगुवा किसानहरुलाई व्यवसायिक योजना निर्माणमा सहयोग गरिनेछ ।

४) बेरोजगार जनशक्तिलाई रोजगारीको अवसर सिर्जना गर्न तथा **"युवालाई उद्यमी र कृषिलाई उद्यम"** को रुपमा विकास गरी श्रमप्रति आस्था र शोषणप्रति घृणा जगाउन र परनिर्भरतामा कमि ल्याउने उद्देश्यका साथ स्थानीय विकास निर्माणमा स्थानीय स्रोत, साधन र जनश्रम परिचालनमा जोड दिइनेछ । त्यसैगरी, गरिवी निवारण कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पुर्वाधार विकास आयोजना सञ्चालन सम्बन्धी मार्गदर्शन २०७५ अनुसार उक्त कोष द्धारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पुर्वाधार विकास आयोजनाको व्यवस्थापन गरिनेछ ।

५) **"श्रमको सम्मान, राष्ट्रको अभियान"** को मुल मर्म बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमको सफल कार्यान्वयनका लागि उत्पादनमा श्रमप्रधान प्रविधीलाई प्रोत्साहन गरी **"मेसिनका लागि होइन, मान्छेका लागि लगानी"** भन्ने अभियानका साथ स्थानीयस्तरमा रोजगारी सिर्जना हुने खालका योजनाहरु छनौट र कार्यान्वयनमा विशेष जोड दिइनेछ । यसकालागि व्यक्तिगत व्यवसायलाई मात्रं नभई समुह वा कम्पनि ऐन अनुसार दर्ता भई व्यवसायिक योजना सहित सहयोगका लागि आवेदन गर्ने फर्महरुलाई प्राथमिकता दिइनेछ ।

६) दार्मा गाउँपालिका जन्मथलो भई हाल स्वदेश तथा विदेशका विभिन्न स्थानमा पेशा, व्यवसायका लागि स्थायी र अस्थायी तरिकाले बसाइ गरिरहनु भएका सबै दर्मालीहरुलाई **"चिनौ आफ्नो माटो वनाऔँ आफ्नै गाउँ"**आफ्नो जन्मभूमिका लागि वर्षमा कम्तिमा १५ दिन उहाँहरुको विज्ञताको क्षेत्रमा स्वयंसेवा गर्न तथा निजी लगानीमा नमुना कार्य गर्नका लागि प्रोत्साहन गरिनेछ ।

७) रोजगारी तथा अन्य अवसरहरुमा बिपन्न, अपाङ्गता भएका व्यक्तिहरु, द्वन्द्वपीडित, एकल महिला, दलित महिला, दलित तथा अल्पसंख्यकहरुलाई पहिलो प्राथमिकता दिइनुका साथै योग्यता, क्षमता र आवश्यकताका आधारमा स्वच्छ एवम् निष्पक्ष प्रतिस्पर्धाबाट छनौट गरी सबै प्रकारका गरिवीलाई सबै ठाउँबाट विस्तारै अन्त्यगर्दै कुनै पनि प्रकारको गरिवीमा बाँचेका मानिसहरुको अनुपातलाई क्रमशः कम गरिनेछ ।

८) तुलनात्मक रुपमा दलितहरु आर्थिक हिसावले विपन्न भएतापनि उनिहरु शिपका धनि छन् । यस गाउँपालिका भित्रका दलितहरुको परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायिकरण गर्दै लगिनेछ । त्यस्तैगरी, अव्यवस्थित दलित बस्तिलाई मध्यनजर गर्दै योजनाबद्ध रुपमा नमुना वस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट उनिहरुको सामाजिक सशक्तिकरणको तहमा विकास हुनुको साथै मानव अधिकारको विश्वव्यापी मान्यता अनुरुप दलित अधिकारको संरक्षण गर्ने र जातीय छुवाछुत तथा भेदभाव जस्ता अमानवीय गतिविधीलाई निरुत्साहित गर्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९) जनयुद्ध/जनआन्दोलनका क्रममा वलिदान गर्ने शहीद परिवारहरु, बेपत्ता योद्धा परिवारहरु, घाइते, अपाङ्ग योद्धाहरु, पूर्व जनमुक्ति सेनाका योद्धाहरु लगायत जनमुक्ति आन्दोलनमा अमूल्य योगदान पुऱ्याएका व्यक्तिहरुलाई सम्मान, सामाजिक पुनर्स्थापना, सीप विकास तथा

आयमूलक कार्यक्रमहरुमा प्राथमिकता दिइनुका साथै जनयुद्धको समयमा किनबेच गरिएका घरजग्गाहरुलाई संघ र प्रदेश कानुनमा व्यवस्था भएअनुसार गरिनेछ । त्यस्तैगरी, सडकमार्ग, पार्क, स्मृति भवन, रङ्गशाला आदिलाई सम्मान स्वरुप शहिदका नाममा नामकरण गरिनेछ ।

१०) मालिका, मलिवाङ गुफा, वाद्ने, चिप्ले, दार्माकोट, त्रिवेणी र ढाकाडाम कोट लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नको लागि ठोस योजना बनाइनेछ ।कृषिजन्य उत्पादन फर्महरुलाई पर्यटन व्यवसायसँग जोडि यसलाई क्रमशः कृषि पर्यटनसँग आवद्ध गरिनेछ ।

११) वैज्ञानिक भूमि व्यवस्थापन नीति लागु गरी जमिनको खण्डिकरणलाई निरुत्साहित गरी उत्पादन र उत्पादकत्व वृद्धिमा प्रोत्साहन गरिनेछ र जग्गा बाँझो राख्न नपाउने व्यवस्था गरिनेछ ।

१२) वस्तु वा सेवाको गुणस्तर, मुल्य तथा उपभोगयोग्य वस्तुको उपभोग गर्न सकिने समय आदिका विषयमा नियमित अनुगमनको माध्यमबाट स्थानीय बजारलाई व्यवस्थित गर्दै लगिनुका साथै सार्वजनिक स्थलमा रहेका घर, जग्गा र पसल तथा भौतिक संरचनाका सम्बन्धमा विशेष योजना बनाएर लागु गरिनेछ ।

१३) ताजा तरकारी, फलफुल तथा विषादी रहित खानपानको माध्यमबाट जनताको स्वास्थ्यमा सुधार ल्याउनुका साथै रासायनिक मल तथा विषादी माथिको वढ्दो निर्भरतामा कमि ल्याउनका लागि प्राँगारिक खेति पद्धतिलाई प्रोत्साहन गरिनेछ । यसका लागि अगुवा किसानहरुको माग तथा लागत सहभागिताको प्रतिवद्धताको आधारमा भकारो सुधार एवम गोठेमल सुधार तथा कम्पोष्ट मल निर्माणका लागि नेपाल सरकारको नर्म्स अनुसार आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ । त्यस्तैगरी, **"एक घर एक करेसावारी, एक बस्ती एक अर्गानिक खेती, एक वडा एक नमुना उत्पादन"** को लक्ष्य अनुसार खाद्यान्न, तरकारी तथा मासुजन्य उत्पादन जैविक तरिकाले गर्नका लागि विउ तथा उपकरणमा अनुदानको व्यवस्था गरिनेछ ।

१४) वर्षौं देखि कैयौं तालिमहरु लिने तर तिनलाई व्यवहारिक जीवनमा प्रयोग नगर्ने अवस्थालाई निरुत्साहित गर्दै आवश्यकता तथा व्यवहारमा लागु गर्ने प्रतिवद्धताको आधारमा मात्र तालिम सञ्चालन गरी स्थानीय श्रोत, साधन, ज्ञान र सीपलाई सामाजिक आर्थिक विकासमा उपयोग गरिनेछ । यसकालागी कृषि, पशुपालन तथा वनमा आधारित उद्यमलाई प्राथमिकता दिइनेछ । उद्यमविकासको आधारभूत तहको तालिम लिइसकेका वेरोजगारहरुलाई स्वरोजगार हुनेगरी विस्तारै उद्यमीको रुपमा विकास गरिनेछ ।

**सामाजिक विकास**

१५) स्वस्थ्य मानिसले धेरै र उत्पादक काम गर्न सक्दछ, धेरै काम गर्नेले धेरै कमाउँदछ, धेरै कमाउनेले छोराछोरीको स्वास्थ्य र शिक्षामा वढी लगानी गर्न सक्दछ भन्ने मान्यता रहि

आएको छ । यसप्रकार, एउटा स्वस्थ मानिसको आगामी पुस्ता पनि स्वस्थ हुने भएकोले स्वास्थ्यनै धन हो भन्ने मान्यता अनुरुप जनताको आधारभूत स्वास्थ्य र सरसफाइलाई विशेष प्राथमिकता दिई कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रत्येक वडाहरुमा सामुदायिक स्वास्थ्य इकाई, प्राथमिक स्वास्थ्य उपचार केन्द्र र गाउँघर क्लिनिक क्रमशः बढाउँदै बर्थिङ सेन्टरको सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१६) दुनियामा पानीको विकल्प छैन । स्वच्छ पिउने पानी मानिसको स्वस्थ जीवनसँग प्रत्यक्ष रुपमा जोडिएको हुँदा प्राथमिकताका आधारमा सम्पूर्ण वडाहरुमा स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ । यसका लागि खानेपानी तथा सरसफाई सुरक्षा योजना निर्माण गरी आयोजनाहरु सम्पन्न भइसकेपछि उपभोक्ताहरुलाई नै हस्तान्तरण गरी व्यवस्थापनको जिम्मा सम्बन्धित समुदायलाई नै दिइनेछ ।

१७) आ.व. २०७६/०७७ लाई **"शैक्षिक तथा सामाजिक सुधार वर्ष"** का रुपमा लिई सामुदायिक शैक्षिक संस्थाहरुमा गुणात्मक शैक्षिक विकासका लागि शैक्षिक कृयाकलापमा सुधारका साथसाथै विद्यालय हातामा उपयुक्त भौतिक संरचना विकास गर्दै व्यवहारोपयोगी शिक्षण सिकाइमा विशेष जोड दिइनेछ । जनप्रतिनिधि र सरकारी कर्मचारीलगायत सार्वजनिक पदधारण गरेका व्यक्तिहरुले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न सहयोग पुग्नेगरी आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमानै पठनपाठन गर्ने गराउनेतर्फ विशेष जोड दिइनेछ ।

१८) समाजमा विद्यमान कुरिती, अन्धविश्वास, छुवाछुत, बालश्रम, बालविवाह, बाल यौनदुराचार, महिला हिंसा जस्ता अमानवीय सँस्कारहरु तथा अत्यधिक मदिरा सेवन गरी परिवार तथा समुदायको वातावरण विथोल्ने सँस्कारहरु परिवर्तनका लागि सामाजिक जागरणका अभियानहरु जस्तैः पूर्ण सरसफाइयुक्त, छुवाछुत मुक्त, बालश्रम, बालविवाह तथा बाल दुर्व्यवहार मुक्त, महिला हिंसा मुक्त, प्लास्टिक तथा सिसाजन्य पदार्थ मुक्त, मदिरा सेवन मुक्त नमुना वडा निर्माणमा जोड दिई सम्बन्धित वडाले माथि उल्लेखित सवालमा गरेको सकारात्मक परिवर्तनको मुल्याँकन गरी प्रतिष्पर्धाका आधारमा प्रोत्साहन स्वरुप थप काय्रक्रमहरु उपलब्ध गराइनेछ । त्यस्तैगरी, महिला र पुरुष बीच श्रमको ज्यालामा भएको विद्यमान विभेदलाई अन्त्य गर्दै लगिनेछ ।

१९) **"छोरीको सम्मान बालविवाह निर्मुलीकरण"** को लक्ष्यसहित छोरी जन्मदासाथ उनको नाममा बैंक खाता खोली २० वर्ष उमेर पुगिसकेपछि झिक्न पाउने गरी कर्णाली प्रदेश सरकारले ल्याएको निती तथा वजेट अनुरुप यस गाउँपालिकाले पनि निजहरुको खातामा निश्चित रकम मासिक रुपमा जम्मा गरिदिने व्यवस्था गरिनेछ । यसका साथै १६ वर्ष उमेर पुगेका किशोरीहरुका लागि किशोरी स्मारट बचत खाता खोली २० वर्ष उमेर पुगिसकेपछि झिक्न पाउनेगरी मासिक बचत खाता सञ्चालनमा ल्याइनेछ । यदि, २० वर्ष अगावै विवाह गरी गएमा नीजको खातामा जम्मा भएको रकम सम्वन्धित निकायको खातामा फिर्ता हुनेछ ।

२०) प्राकृतिक एवम् आयुर्वेदिक चिकित्सालाई प्रोत्साहन गर्नुका साथै मानिसमा वढ्दै गएको अस्वस्थ्यकर आहार विहार अनि त्यसबाट उत्पन्न हुने तनावलाई व्यवस्थापन गर्नका लागि योग शिक्षालाई शिविरको रुपमा सञ्चालन गरिनेछ । त्यस्तैगरी, सवै प्रकारका कुपोषण्को अन्त्य गर्ने र किशोरी, गर्भवति तथा सुत्केरी महिला लगायत अन्य व्यक्तिको पोषण सम्बन्धी आवश्यकताका सम्वन्धमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२१) विद्यालाय शिक्षालाई केवल कक्षा चढ्ने र चढाउने मात्र नभई यसलाई श्रम र उत्पादनसंग जोडी जीवनोपयोगी र व्यवहारिक बनाउन स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गरी पठनपाठनलाई विद्यार्थी र पाठ्यक्रम केन्द्रित गर्दै प्रविधिमैत्री र व्यवसायिक बनाउँदै लगिनेछ । त्यस्तैगरी, १२ कक्षा सम्मको शिक्षालाई क्रमश: निशुल्क बनाइनुका साथै शिक्षालाई वालमैत्री र अपाङ्गमैत्री बनाउदै खेलकूद र संगीतसँग समेत जोडिनेछ । त्यस्तैगरी, शिक्षामा लैङ्गिक असमानताको उन्मुलन गर्न अपाङ्गता भएका व्यक्ति लगायत जोखिममा रहेका व्यक्तिहरु, दलित, आदिवासी, जनजाती, तेस्रो लिङ्गि, र वालवालिकहरुलाई सवै तहको शिक्षा तथा व्यवसायिक अवसरमा समान पहुँच सुनिश्चित गरिँदै लगिनेछ ।दलित समुदायबाट उच्च शिक्षा प्राप्त गरेका व्यक्तिहरुलाई रोजगारीमा विशेष प्राथमिकता दिइनेछ ।

२२) महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिहरुका साथै तेस्रो लिङ्गीहरुलाई सामाजिक सुरक्षा, पुन:स्थापना, सम्मान र आम्दानी वृद्धि हुने शिपको विकासका ठोस कार्यक्रमहरु सञ्चालन आर्थिक तथा सामाजिक रुपमा सशक्त वनाउँदै लगिनेछ ।ज्येष्ठ नागरिकहरु अथाहा ज्ञानका भण्डार भएकोले उहाँहरुको अनुभव र सिकाईलाई गाउँपालिकाले वौद्धिक पूँजीको रुपमा लिई उहाँहरुसँग भलाकुसारी गर्ने सरसल्लाह लिने सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३) वालवालिकाहरु भविष्यका कर्णाधार भएकाले वालअधिकार, वालसंरक्षण, वालसहभागिता र वालविकासका लागि आवश्यकताका आधारमा अन्य निकायहरु सँगको पारस्परिक सहयोग र समन्वयमा विशेष योजना वनाई कार्यान्वयन गरिनेछ । त्यस्तैगरी, कार्यालयहरुमा स्थान उपलब्ध भएसम्म स्तनपान कक्षको व्यवस्था गर्दै लगिनेछ ।

२४) नागरिकहरुको व्यक्तिगत आनीवानी सुधार गरी अनुशासित तथा सभ्य बनाउनका लागी मदिरा सेवन, उत्पादन, विक्रि वितरण लगायतका कामलाई कडाईका साथ नियन्त्रण गरिनेछ र यसका लागी समुदायमा आधारित सँस्थाहरु जस्तैः आमा समुह, क्लवहरु, गैसस आदि संगठित समुहहरुलाई प्रोत्साहित गरिनेछ ।

२५) स्थानीय मौलिक कला संस्कृति संरक्षणमा विशेष जोड दिइ तिनलाई आगामी दिनमा क्रमशः पर्यटन वस्तु (Tourism product) को रुपमा विकास र प्रयोग गरिनेछ ।

२६) **"राष्ट्रका लागि खेलकूद स्वास्थ्यका लागि खेलकूद"** को नारालाई आत्मसात गर्दै सम्भाव्यताका आधारमा खेलकूद विकासका लागि भौतिक संरचना लगायत अन्य विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

सल्यान २०७३

२७) गाउँपालिका भित्रका आधारभुत तह उमेर समुहका वालवालिकाहरुलाई आनिवार्य रुपमा विद्यालय पठाउन अभिभावकहरुलाई प्रोत्साहित गरिनुका साथै अनाथ, वेवारीसी तथा असहाय वालवालिकहरुको अभिभावकत्व ग्रहण गर्ने अभिभावकहरुलाई सम्मान गरिनेछ ।

२८) भौगोलिक अवस्था, विद्यार्थीको सँख्या, विद्यालय नक्शाँकन समेतको आधारमा नयाँ विद्यालय स्थापना, समायोजन, तह घटुवा लगायत दरवन्दी मिलान गरिनेछ । त्यस्तैगरी, अनाथ असहाय वालवालिकहरुलाई अध्यापन गराउने विद्यालयहरुलाई त्यसप्रकारका वालवालिकाहरुले प्राप्त गर्नेगरी अतिरिक्त मसलन्द सहयोग उपलब्ध गराइनेछ ।

**पुर्वाधार विकास**

२९) आर्थिक, सामाजिक तथा भौतिक पुर्वाधार विकासका सबै योजना र कार्यक्रमहरुलाई उत्पादन सम्बन्धसँग जोड्दै अहिले भइरहेको गाउँ र शहरको एकोहोरो सम्बन्धबाट शहर मात्र लाभान्वित भइरहेको अवस्थालाई उत्पादन वृद्धिको माध्यमबाट दार्मा गाउँपालिकाका नागरिकहरु पनि लाभान्वित हुने गरी सामाजिक, आर्थिक पुर्वाधारहरु विस्तार गरिँदै लगिनेछ ।

३०) आर्थिक तथा सामाजिक विकासका मेरुदण्डका रुपमा रहेका सडक, बिद्युत, खानेपानी र सञ्चार लगायतका पूर्वाधार विकासमा जोड दिदै व्यवसायिक कृषि, पशुपालन, पर्यटन क्षेत्रको विकासका साथै दिगो रुपमा आम्दानी वृद्धि गर्नका लागि उक्त पुर्वाधारहरुलाई उद्यम विकाससँग जोडिनेछ ।

३१) दीर्घकालिन महत्व राख्ने विशेष रणनीतिक महत्वका सडक, खानेपानी, भवन, पुल, सिचाई लगायतका भौतिक पुर्वाधार सम्बन्धी योजनाहरुको विस्तृत योजना प्रतिवेदन (Detail Project Report) तयार गरेर मात्र वास्तविकताका आधारमा बजेट विनियोजन गर्ने परिपाटीको विकास गरिनेछ ।

३२) सडक गुरुयोजना अनुसार सडकहरुको वर्गिकरण गरी गाउँपालिका र वडा कार्यालयको केन्द्र जोड्ने सडक, शहिद स्मृति चक्रपथ, छिमेकी गाउँपालिका, नगरपालिका, जिल्ला, अन्तरजिल्ला र प्रदेश जोड्ने रणनीतिक महत्वका सडकहरुलाई उच्च महत्व दिई आवश्यक बजेट विनियोजन गरी स्तरवृद्धि गरिनेछ । सडकको नयाँ ट्र्याक खोल्नेभन्दा खुलिसकेका ट्र्याकलाई स्तरोन्नति गर्न जोड दिइने छ । हरित कृषि सडक सञ्जालको नीति अवलम्बन गर्दै हरित कृषि सडकहरु निर्माण गरिने छ । यस्ता कृषि सडक हरुमा ७० प्रतिशत अनुदान र ३० प्रतिशत श्रमदानको व्यवस्था गरिने छ । गाउँपालिका स्तरीय सडकहरुमा ८० प्रतिशत अनुदान २० प्रतिशत श्रमदान तथा वस्ती स्तरका सडकहरुमा ६० प्रतिशत अनुदान र ४० प्रतिशत

जनश्रमदान परिचालन गरिनेछ । त्यस्तै अन्य पूर्वाधार विकासमा स्थानीय श्रम परिचालनमा जोड दिईनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

३३) विद्युतीकरणलाई विशेष प्राथमिकता दिँदै संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त पहलबाट उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गर्दै दार्मा गाउँपालिकाको सबै बस्तीहरुमा यथासम्भव छिटो विद्युत सेवा पुऱ्याउनका लागि प्रयास गरिनेछ ।

३४) सामुदायिक विद्यालयहरु, स्वास्थ्य केन्द्र लगायत वालवालिकहरुको उपस्थीति वढी मात्रामा हुने सार्वजनिक स्थानहरुमा वालउद्यानहरु निर्माण गरिनेछ ।

३५) नेपाल भूकम्पको जोखिममा रहेको विश्वमा एघारौं मुलुक हो । नेपालको पश्चिम क्षेत्रमा विगत ५०० वर्ष देखि ठुला भूकम्प नगएको वताईन्छ । जतिवेला पनि यस क्षेत्रले भूकम्पको जोखिम सामना गर्नुपर्ने भएकोले अव बन्ने घरहरु भूकम्प प्रतिरोधी तरिकाले निर्माणका लागि स्थानीय स्तरमा घररभवनहरु निर्माणमा संलग्न डकर्मीहरुलाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै भूकम्प प्रतिरोधी भौतिक सँरचना निर्माणमा जोड दिईनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

३६) **"स्वच्छ वाताव्रण स्वस्थ जीवन"** हरियाली दार्माको अभियानलाई सफल बनाउन, जलाधार क्षेत्र र पानीका मुहानहरुको संरक्षणका लागि वृक्षारोपण अभियानका साथ वन तथा वन्यजन्तु विशेष संरक्षित क्षेत्रको विकास गरिनेछ । साथै जलवायु परिवर्तन अनुकुलन योजनालाई विशेष प्राथमिकता दिई पानीका मुहान संरक्षण तथा सिचाईं सेवाका लागि उच्च टाकुराहरुमा रिचार्ज पोखरी निर्माण गरी वर्षाको पानी सँकलन गरिनेछ ।

३७) घर भित्रको धुँवा नियन्त्रण गरी भान्छामा काम गर्ने महिलाहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असरलाई न्युनीकरण गर्नका लागि धुवाँरहित चुल्हो बनाउने जनशक्तिको विकास गरी त्यसको प्रयोग गर्न सचेतनामुलक कार्यक्रमहरु लागु गरिनेछ । यसले भान्छामा दाउराको प्रयोग कम भई कार्वन उत्पादन पनि न्युन हुनुका साथै वन तथा वातावरण जोगाउन पनि सघाउपुग्नेछ ।

३८) मानवीय तथा प्राकृतिक विपद्वाट हुने क्षतिलाई न्यूनिकरण गर्न विपद् पुर्वको तयारी र त्यसको व्यवस्थापनमा सजगता ल्याइनुका साथै जोखिमपुर्ण स्थीतिमा रहेका मानिसहरुमा जोखिम सामना गर्नसक्ने क्षमता विकास गर्ने र वातावरणसँग सम्वन्धित विपदजन्य प्रकोप तथा अन्य आर्थिक, सामाजिक र वातावरणीय असर तथा विपदसँगको उनिहरुको सँसर्गलाई कमश न्युन गर्दै विपदका कारणले अङ्गभङ्ग तथा मृत्यु हुने व्यक्तिहरुको सँख्या र आर्थिक क्षतिलाई उल्लेख्य रुपमा कम गर्दै लगिनेछ ।

३९) भौतिक पूर्वाधारहरु निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री बनाउन विशेष ध्यान दिइनेछ भने सडक पुर्वाधारको विकास गर्दा हुनसक्ने भूक्षयलाई कम गर्नका लागि वायो इन्जिनियरिङ पद्धतिलाई अवलम्वन गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

४०) गैरसरकारीसंस्थाहरुलाई स्थानीय आवश्यकता तथा गाउँपालिकाको प्राथमिकताको आधारमा मात्र तोकिएको स्थानमातोकिएका कृयाकलापहरु सञ्चालन गर्न अनुमति दिइनेछ ।

४१) स्थानीय सरकार लोकतन्त्रका आधारभुत पाठशाला हुन । त्यस्तैगरी, जनताको दैनन्दिन आवश्यकता परिपूर्तिका लागि सेवा प्रवाह गर्ने सवभन्दा नजिकका निकाय भएको र यिनैको सेवा प्रवाहलाई लिएर सर्वसाधारण नागरिकहरुले राज्य र सँघीयता प्रतिको धारणा विकास गर्ने भएकोले दार्मा गाउँपालिकाको दैनिकप्रशासनलाई जनमुखी, सर्वसुलभ, छिटोछरितो प्रविधिमैत्रीएवम् भ्रष्टाचार मुक्तबनाइनेछ । यसका लागि जवाफदेहिताका tools हरु जस्तैः सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, लैङ्गिक वजेट परीक्षण तथा तेस्रो पक्षबाट अनुगमन गराउने पद्धतिलाई पनि अवलम्वन गरिनेछ ।

४२) अपाङ्गता भएका नागरिकहरुका लागि सवै किसिमका सिफारिसहरु निःशुल्क गरिनेछ भने पञ्जिकरण सेवालाई थप सुविधाजनक बनाउँदै लगिनेछ ।

४३) न्यायिक समितिलांई थप कृयाशिल बनाई मेलमिलापको माध्यमबाट न्याय सम्पादनलाई छिटो छरितो, पारदर्शी र विश्वसनीय बनाइनेछ ।

४४) नागरिक सुरक्षा, न्यायिक समितिका फैसला कार्यान्वयन, सार्वजनिक सम्पत्तीको सुरक्षा तथा विकास निर्माणमा परिचालन हुनेगरी कार्यविधि बनाई गाउँ प्रहरी गठन गरिनेछ ।

४५) परिचयपत्रका आधारमा घाइते, अपाङ्ग, अति बिपन्न, ७५वर्षमाथिका ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, शहीद/बेपत्ता परिवार, समाज परिवर्तनका लागि विशिष्ट योगदान गर्ने व्यक्तित्वहरुलाई सेवा सुविधाहरुमा प्राथमिकता तथा शुल्कमा विशेष छुट दिइनेछ ।

४६) औपचारिक कार्यक्रमहरु गर्दा विभेद झल्कने मञ्च, अनावश्यक फूलमाला, अबिर, खादा, व्याच, व्यानर, स्वागतद्वार, पञ्चकन्या आदि सामन्ती संस्कार झल्कने प्रचलनहरुलाई निरुत्साहित गरिनेछ ।

४७) लागत मुल्य २० लाखभन्दा न्युन हुने सडक, खानेपानी, सिचाईंलगायत भौतिक पूर्वाधार निर्माणका योजनाहरु उपभोक्ता समितिहरुमार्फत सञ्चालन गरिनेछ । त्यस्तैगरी, लक्षित वर्गका कार्यक्रमहरुं कार्यविधी बनाएर सञ्चालन गरिनेछ ।

४८) **"आमा-बुवा साक्षात भगवान् हुन्"** भन्ने मान्यतालाई स्थापित गर्न, आमा-बुवाको सम्मान गर्न र सामाजिक सुरक्षालाई परिवार स्तरबाटै सुव्यवस्थित गर्न हरेक छोराछोरीले आफ्नो आम्दानीको कम्तीमा १० प्रतिशत रकम आमा-बुवाको खातामा बचत गर्नुपर्ने व्यवस्था गरिनेछ ।

४९) गाउँपालिकाको सर्वाङ्गिण विकासको मार्गचित्र मानिने आवधिक योजना निर्माण गर्ने कार्य आगामी आ.व.मा सम्पन्न गरिनेछ ।